## सर्वेक्षणका उदेश्यहरु

- जापानमा बसोवास गर्ने विदेशी नागरिकको अवस्था, उनीहरुको पेशागत, दैनिक र सामाजिक जीवनयापनमा भोगिरहेका समस्याहरुको सहि पहिचान गरी, बिदेशीहरु सम्बन्धि सह-अस्तित्व नीतिको योजना निर्माण गर्ने उदेश्यले लागु गरिएको कुरा। आर्थिक वर्ष 2022 को निरन्तरता स्वरूप चौथो पटक लागु।
- यस सर्वेक्षणमा जापानमा बसोवास गर्ने विदेशी नागरिकहरुको लागि दैनिक जीवनयापनका अप्ठ्यारा कुराहरुको बारेमा गरिएको परामर्शको क्रममा देखिएका अप्ठ्यारा कुरा आदिको बारेमा सर्वेक्षण गरिनुको साथै नयाँ बिदेशीहरु लिईरहेको संस्था आदि (तल, "आवद्द संस्था आदि" भनिने छ, आवद्द संस्था आदिमा आवद्द रहेका विदेशीलाई "आवद्द बिदेशी" भनिने छ) को लागि आवद्द विदेशीबाट प्राप्त परामर्शमा केन्द्रित भई विदेशीहरुको सहयोगमा देखिएका अप्ठ्यारा कुराहरु आदिको बारेमा सर्वेक्षण गरिएको।
- सकेसम्म पूर्ण सर्वेक्षण हुने गरी "आर्थिक वर्ष 2023 को विदेशी वासिन्दाहरुको आधारभूत सर्वेक्षण सम्बन्धि बिज्ञ समितिको बैठक" आयोजना गरी सर्वेक्षणका बुँदाहरुको निर्णय तथा सर्वेक्षण परिणामको सारांश तयार पार्ने आदिको बारेमा विदेशीहरुको सह-अस्तित्व नीतिमा जानकार बिशेषज्ञहरुको व्यवसायीकता, उच्च ज्ञान, फराकिलो दृष्टिकोण लागु गरिएको छ।

⇒ सर्वेक्षण परिणामको आधारमा बिदेशी सम्बन्धि सह-अस्तित्व नीतिको योजना लागु गर्ने कुराले **"बिदेशी संगको सह-अस्तित्व समाज निर्माण तर्फको रोडम्याप"** तथा **"बिदेशी कामदार भित्र्याउने / सह-अस्तित्वको लागि समग्र रणनीति"** को पूर्णता सहित सरकारको तर्फबाट बिदेशी संगको सह-अस्तित्व समाज लागु गर्दै जाने।

## सर्वेक्षणको रुपरेखा

### बिदेशी वासिन्दा

| | |
|---|---|
| सर्वेक्षणको दायरा | ■ 18 वर्ष माथिका मध्ये तथा दिर्घकालिन बसाइ भएका तथा बिशेष स्थायी बसोवास भएका कुल 20,000 जना<br>＊ सन् 2023 अगस्त 15 तारिखमा जापान प्रवेश अनुमतिको मितिबाट 1 बर्ष भन्दा बढि भएको व्यक्तिमा सिमित।<br>＊ बिदेशी वासिन्दाको तथ्यांक (सन् 2022 डिसेम्बर मसान्त) सहित निर्णय गरिएको राष्ट्रियता/क्षेत्र आनुसारको तथा भिसा अनुसारको नमुना संख्याको आधारमा सहभागीको अनियमित छनौट। |
| बैध उत्तर संख्या आदि | ■ वितरण संख्या : 20,000 वटा (त्यसमध्ये नपुगेको : 410 वटा) ■ बैध उत्तर संख्या : 6,154 वटा / उत्तर प्रतिशत 31.4% |
| सर्वेक्षण बिधि | ■ Web सर्वेक्षण (लक्षित व्यक्तिलाई बार कोड सहितको अनुरोध पत्र पठाई, उक्त कोड मार्फत इन्टरनेटबाट उत्तर दिने तरिका)<br>■ उत्तरको स्क्रिन 8 भाषा (फुरिगाना सहितको जापानी भाषा, अंग्रेजी, चाइनिज, कोरियन, पोर्तुगिज, भियतनामी, फिलिपिनी, नेपाली) मा लागु। |
| सर्वेक्षण शिर्षक | ■ विदेशी वासिन्दाले जीवनयापनको क्रममा आएका समस्याको बारेमा गरिएको परामर्शको क्रममा देखिएका समस्याआदि, निम्न बुँदाहरु सम्बन्धि समस्या आदिको सर्वेक्षण।<br>समस्या परेको बेलामा परामर्श लिएको व्यक्ति, परामर्श काउन्टरको बारेमा अपेक्षा, परामर्श दिने व्यक्ति संगको अपेक्षा, परिवार, नातेदार, साथि, चिनजान/आवद्द संस्थामा परामर्श गर्दा समाधानको अवस्था, आवद्द संस्था आदि संग परामर्श दिने व्यक्तिको अपेक्षा आदि।<br>■ साथै, विदेशी वासिन्दाहरुको एक्लोपनाको वास्तविकता थाहा पाउने उदेश्यले "सन् 2022 को मानिसहरुको सम्बन्धको बारेमा लिइएको आधारभूत सर्वेक्षण (क्याबिनेट सचिवालय)" (सर्वेक्षणको दायरा : जापान भरिको 16 बर्ष माथिको व्यक्ति : 20,000 जना) लाई उस्तै प्रश्न गरियो। |

## आवद्द संस्था आदि

| | |
|---|---|
| सर्वेक्षणको दायरा | ■ बिदेशीहरु लिइरहेको संस्था आदि　कुल 1,000 संस्था<br>＊ बिदेशीहरु प्रत्यक्ष रुपमा कार्यरत संस्था बाहेक बिदेशी बिद्यार्थी लिइरहेको शैक्षिक संस्था तथा व्यवस्थापक संस्था, दर्ता गरिएको सहयोगी संस्था सहित<br>＊ संस्थागत तथा व्यक्तिगत व्यवसायी आदि संलग्न।<br>＊ जापानमा बसोवास गर्ने विदेशी नागरिकको तथ्यांक (सन् 2022 डिसेम्बर मसान्त) सहित निश्चित गरेको राष्ट्रियता/क्षेत्र अनुसार तथा भिसा अनुसारको नमुना संख्याको आधारमा यस विभागमा आवद्द रहेको संस्था आदिको जानकारी भएको जापानमा बसोवास गर्ने विदेशी नागरिकहरु अनियमित रुपमा छनौट गरी उक्त बिदेशीहरु आवद्द संस्था लक्षित सर्वेक्षण गरियो। |
| बैध उत्तर संख्या आदि | ■ वितरण संख्या : 1,000 वटा (त्यसमध्ये नपुगेको : 22 वटा)　■ बैध उत्तर संख्या : 555 वटा / उत्तर प्रतिशत 56.7% |
| सर्वेक्षण बिधि | ■ Web सर्वेक्षण (लक्षित व्यक्तिलाई बार कोड सहितको अनुरोध पत्र पठाई, उक्त कोड मार्फत इन्टरनेटबाट उत्तर दिने तरिका) |
| सर्वेक्षण शिर्षक | ■ आवद्द विदेशीहरुबाट प्राप्त परामर्शको जवाफ दिंदा परेका अप्ठ्यारा आदि, निम्न बुँदाहरु सम्बन्धि समस्याको सर्वेक्षण<br>आवद्द विदेशीहरुको परामर्शको पटक, आवद्द विदेशीहरुको परामर्शको बिवरण, आवद्द विदेशीहरुको परामर्शको जवाफको अवस्था, आवद्द विदेशीहरुको परामर्शको जवाफमा देखिएका समस्याको बिवरण, आवद्द विदेशीहरुको परामर्शको जवाफ सम्बन्धि चाहना पुरा गर्ने संरचना, आवद्द विदेशीहरुको परामर्शको जवाफको लागि आवश्यक महसुस गरिएको कुरा, विदेशीहरुको परामर्श/सहयोगको बारेमा तालिममा भाग लिने इच्छा, विदेशीहरुको परामर्श/सहयोगमा महत्व दिने कुरा, आवद्द विदेशीहरुको सहयोगमा लगाउने कर्मचारीको पदस्थापन, सहयोगी कर्मचारीको शिक्षाको बारेमा, सहयोगी कर्मचारी नियुक्ति गर्दा चाहने कुरा, सहयोगी कर्मचारीले सिक्ने कुरा, "बिदेशी सहयोगी संयोजक" को नियुक्ति तथा योग्यता प्राप्तिको बारेमा धारणा/चाहना। |

## सर्वेक्षणअवधि तथा ध्यान दिनुपर्ने कुराहरु


| | |
|---|---|
| सर्वेक्षण अवधि | ■ सन् 2023 अक्टोबर 2 तारिख ～ सोहि बर्ष अक्टोबर 20 तारिख |
| ध्यान दिनुपर्ने कुराहरु | ■ यस सर्वेक्षणको परिणाम प्रश्नावलीको उत्तरहरु जस्ताको त्यस्तै संकलन/प्रकाशन गरिएको भई, केहि परिणाममा उत्तर संख्याको सिमितताको कारण त्यसको व्याख्यामा ध्यान दिनु आवश्यक छ।<br>■ अंक चाही पूर्ण अंकमा प्रस्तुत गरिएको हुनाले प्रतिशतमा जोड गरी मिलाई 100.0% नहुने तथा ग्राफमा अंकको जोड र शिर्षक नमिल्ने पनि हुन सक्छ।<br>■ केहि प्रश्नको बारेमा विदेशी वासिन्दालाई सर्वेक्षण लक्षित गरिएको सर्वेक्षणको बुंदा र आवद्द संस्था आदि लक्षित सर्वेक्षण बुंदा समानान्तर हुने गरी त्यस खालको सर्वेक्षण बुँदाको एक भाग यस परिणामको सारांश कागज भित्र "आवद्द संस्था आदिमा गरिएको सर्वेक्षण" को भागमा दुवै पक्षको तुलना गरिएको ग्राफ प्रकाशन गरिएको छ। |


# जापानमा बसोवास गर्ने विदेशी नागरिकहरुमा गरिएको सर्वेक्षण

# आर्थिक वर्ष 2023: जापानमा बसोवास गर्ने बिदेशी नागरिकमा गरिएको आधारभूत सर्वेक्षण - मुख्य परिणाम/बिदेशी ① (उत्तरदाताको बिशेषता) -


- उत्तरकर्ताको राष्ट्रियता/क्षेत्र "चीन" (26.8%), "भियतनाम" (16.9%), "फिलिपिन्स" (10.8%) को क्रममा धेरै छ।
- उत्तरकर्ताको भिसा "पर्मानेन्ट रेसिडेन्ट" (28.6%), "इन्जिनियर/मानविकी/अन्तरराष्ट्रिय सेवा" (13.4%), "प्रशिक्षार्थी कामदार" (10.5%)को क्रममा धेरै
- उत्तरकर्ताको उमेर "20～29 बर्ष" (30.8%), "30～39 बर्ष" (29.2%), "40～49 बर्ष" (19.2%)को क्रममा धेरै
- जापानमा कुल बसोवास बर्ष "3 बर्ष भन्दा बढि 10 बर्ष भन्दा कम" (37.9%), "10 बर्ष भन्दा बढि 20 बर्ष भन्दा कम" (19.1%), "1 बर्ष भन्दा बढि 3 बर्ष भन्दा कम"(17.8%)को क्रममा धेरै

## राष्ट्रियता/क्षेत्र









## उमेर





## भिसा





## जापानमा बसोवास गरेको बर्ष





## लिङ्ग




- समस्या परेको बेलामा परामर्श लिएको व्यक्ति “परिवार, नातेदार”(92.0%), “जापानी चिनजानको व्यक्ति” (65.6%), “जापानी बाहेकको चिनजानको व्यक्ति” (60.4%)को क्रममा धेरै छ।
- परामर्श काउन्टर आदिको बारेमा अपेक्षा “आफ्नो मातृभाषामा सेवा पाइने”(39.8%), “घरबाट नजीक”(39.1%), “अन्तरवार्ताको बुकिङ्ग गर्न सजीलो” (36.3%) जस्ता सहजता सम्बन्धि बुँदाहरुको उत्तर बढि छ।
- परामर्श दिने व्यक्ति सम्बन्धि अपेक्षामा अधिकांशले “कर तथा पेन्सन आदि, विभिन्न सामाजिक प्रणाली सम्बन्धि ज्ञान” को छनौट गरी (61.0%), त्यस पछी “भिसा सम्बन्धि ज्ञान” (49.3%), “स्वास्थ्य/कल्याण सम्बन्धि ज्ञान” (40.6%) जस्ता प्रणालीको बारेमा ज्ञान भएको व्यक्तिको चाहना बढि छ।


## समस्या परेको बेलामा परामर्श लिने व्यक्ति (कुल)





## समस्या परेको बेलामा परामर्श लिने व्यक्ति (क्रम अनुसार)




## परामर्श काउन्टर सम्बन्धि अपेक्षा





## परामर्श दिने व्यक्ति सम्बन्धि अपेक्षा




- परिवार आदि (परिवार, नातेदार, साथि, चिनजानको व्यक्ति) संग परामर्श गर्दाको समस्या समाधानको अवस्था, समाधान हुन्छ ("सधैँ समाधान हुन्छ" +"अक्सर समाधान हुन्छ") भन्ने 80.2%
- आवद्ध संस्था आदिमा परामर्श लिंदा समस्याको समाधान अवस्था, समाधान हुन्छ ("सधैँ समाधान हुन्छ"+"अक्सर समाधान हुन्छ")भन्ने 73.9%
- आवद्ध संस्थामा परामर्श नलिने कारणमा "भाषाको समस्याले सहि बुझाइमा समस्या" भन्ने 15.3% भई सबैभन्दा बढि, "परिवार, चिनजानको व्यक्ति, स्थानीय निकाय आदि आवद्ध संस्था बाहेकका परामर्श गर्न सकिने व्यक्ति छ" (13.5%), "आवद्ध संस्थाको को संग परामर्श लिंदा हुन्छा थाहा छैन" (11.3%)छन्|
- आवद्ध संस्था आदिमा परामर्श लिएको छैन भन्नेको हिस्सा जापान बसाइ बढि भएकाहरु बढि छ| जापान बसाई 10 वर्ष भन्दा कम भएका बिदेशीहरु मध्ये करिब 80% ले आवद्ध संस्थामा परामर्श लिएको अनुभव छ|

## परिवार आदिमा परामर्श लिएर समस्या समाधानको अवस्था




(n=6,063)


## आवद्ध संस्था आदिमा परामर्श गरेर समस्या समाधानको अवस्था




＊आवद्ध संस्था आदिमा परामर्श गरेको छैन ⇒1,487 वटा

(n=4,087)

## आवद्ध संस्था आदिमा परामर्श नगर्ने कारण




(n=1,487)

＊ खासै समस्या नपरेको हुनाले भन्ने उत्तर दिएकाहरुको हिस्सा 64.4%

## परिवारमा परामर्श गर्दा समस्या "सधैँ समाधान हुन्छ" भन्ने उत्तर मध्ये (श्रीमान/श्रीमती भए नभएको )

| श्रीमान/श्रीमती | "सधैँ समाधान हुन्छ" भन्ने उत्तर दिनेको हिस्सा |
|---|---|
| छ (उही देशको नागरिक) | 30.9% |
| छ (जापानी नागरिक) | 38.0% |
| छ (त्यस बाहेकको देशको नागरिक) | 26.9% |
| छैन/थिएन | 26.3% |
| छैन (पारपाचुके, मृत्यु) | 34.7% |

## जापान बसाइको वर्ष अनुसार आवद्ध संस्थामा परामर्श गरेको छैन भन्नेको हिस्सा

| | जापानको कुल बसाई बर्ष | कुल |
|---|---|---|
| पहिलो | जन्मिएर लगातार | 51.7% |
| दोश्रो | 30 बर्ष भन्दा बढि | 36.2% |
| तेश्रो | 20 बर्ष भन्दा बढि 30 बर्ष भन्दा कम | 32.7% |
| चौथो | 10 बर्ष भन्दा बढि 20 बर्ष भन्दा कम | 29.4% |
| पाँचौ | 3 वर्ष भन्दा बढि 10 बर्ष भन्दा कम | 22.1% |
| छैठौं | 3 बर्ष भन्दा कम | 20.3% |


घट्दो

भखरै जापान आएका बिदेशी मध्ये धैरैले आवद्ध संस्थामा परामर्श लिइरहेको छ


■ समस्याको विवरणको बारेमा परिवार आदि (परिवार, नातेदार, साथी, चिनजान) संग परामर्श गरेको अवस्थामा र आवद्द संस्था आदिमा परामर्श गर्दा पनि "काम" को बारेमा बहुमत भई "कर" को हिस्सा पनि बढि छ | परिवारसंग परामर्श गर्दा "मानवीय सम्बन्ध", "आर्थिक सम्बन्ध" आदि बढि छ भने, आवद्द संस्थामा परामर्श गर्दा "भिसा" को बारेमा बिशेष गरी बढि रहेको छ |

■ परिवार आदि (परिवार, नातेदार, साथी, चिनजान) संग परामर्श गरेको बेलामा समस्याको रुपमा "संस्कृति तथा मूल्य मान्यताको भिन्नताको कारण आफुले भोगिरहेको समस्या बुझाउन सकिंदैन" (23.7%), "भाषाको समस्याले सहि बुझाइमा समस्या" (21.9%), को क्रमले धेरै छ तर, आवद्द संस्था आदिमा परामर्श गर्दा समस्याको रुपमा "भाषाको समस्याले सहि बुझाइमा समस्या" (36.1%), "संस्कृति तथा मूल्य मान्यताको भिन्नताको कारण आफुले भोगिरहेको समस्या बुझाउन सकिंदैन"(24.7%)को क्रममा धेरै छ |


## परामर्श बिवरण




## परिवार आदि संग परामर्श लिंदाको समस्या





## आवद्द संस्थामा परामर्श लिंदाको समस्या




- आवद्द संस्था आदिमा समस्याको समाधान गर्ने बिशेषज्ञता भएको व्यक्ति भएमा राम्रो लाग्छ ? भन्ने बारेमा "लाग्छ"/"कुन चाहिँ भन्दा लाग्छ" भनेर उत्तर दिनेहरुको हिस्सा 76.0%, "लाग्दैन"/"कुन चाहिं भन्दा लाग्दैन" भनेर उत्तर दिनेहरुको हिस्सा 10.4% छ |
- एक्लोपन महसुस गरेको "अक्सर/सधैं छ" भनेर उत्तर दिने व्यक्ति 7.9% भई, आ.व. 2022 को सर्वेक्षणबाट 0.4 पोइन्ट बढेको छ | "अक्सर/सधैं छ" "कहिले कहिं छ" भनेर उत्तर दिने व्यक्तिको हिस्सा "सन् 2022 को मानिसहरुको सम्बन्धको बारेमा लिइएको आधारभूत सर्वेक्षण" (क्याबिनेट सचिवालय ) (सर्वेक्षणको दायरा : जापान भरिको 16 बर्ष भन्दा माथिको व्यक्ति : 20,000 जना) संग तुलना गर्ने हो भने सबै शिर्षकमा उच्च छ |
- राय/अनुरोध आदिमा आ.व. 2022 को सर्वेक्षणबाट धेरैजसो छनौटमा घटेको छ तर, सबै भन्दा बढि "भाषा" छनौट गरेको व्यक्तिहरुको हिस्सा (56.7%)चाहिँ बढेको छ (1.0 पोइन्ट वृद्धि )|


## आवद्द संस्था आदिमा समस्याको समाधान गर्ने बिशेषज्ञता भएको व्यक्ति भएमा राम्रो लाग्छ ?




## एक्लोपनको अवस्था (तपाईं कुन स्तरको एक्लोपन भएको महसुस गर्नुहुन्छ ?)




## राय/अनुरोध



■ यस सर्वेक्षणमा "बिदेशी नागरिकले जापानमा राम्रो जीवनयापन गर्नको लागि कस्तो सहयोग, उपाय तथा प्रणाली आवश्यक छ" भन्ने बारेमा "भाषा", "काम", "जानकारी उपलब्ध" आदि शिर्षकबाट छनौट गरी (एक भन्दा अबधि छान्न सकिने), स्वतन्त्र रुपमा लेख्न मिल्ने प्रश्न राखियो | क्षेत्र अनुसारको राय/अनुरोधनिम्न अनुसार छन् | (तलको हरेक क्षेत्रको साइडमा भएको संख्या, मेल खाने शिर्षक छनौट गरेको संख्या हो | स्वतन्त्र लेखनको बिवरणको बारेमा "खासै छैन", "धन्यवाद" आदि बाहेक 4,679 वटा बाट लिइयो | स्पष्ट रुपमा अक्षरमा गल्ति र अक्षर छुटेको तथा व्यक्तिगत जानकारी थाहा हुने जानकारी आदिको बारेमा संच्याउनुका साथै, केहि भाग हटाइएको पनि छ | जापानी भाषा बाहेकको भाषामा उत्तर आएको भएमा जापानी भाषामा अनुवाद गरिएको छ |)

## भाषाको बारेमा (3,492 वटा)

○ जापानी भाषा अध्ययन सहयोगको लागि

- भाषा अध्ययनको बारेमा, निशुल्कमा, व्यवस्थित रुपमा, सजीलो विधि चाहन्छु | जस्तै, राती अनलाइनमा अध्ययन, वा बिदाको दिनमा अध्ययन गर्न सकिने कुरा हो | (40 बर्ष उमेर समुहकी महिला)
- जापानी भाषा कक्षाको व्यवस्था गरी अध्ययनको अवसर उपलब्ध गर्नु भएको छ तर, अध्ययनको समय हप्तामा डेढ घण्टा मात्र भएकोले प्राथमिक तथा निम्न माद्यामिक बिद्यालय जस्तै गरी जापानी भाषा अध्ययनको बातावरण दैनिक उपलब्ध गराई दिनुहुन अनुरोध गर्दछु | अभिभावकलाई पनि पर्याप्त जापानी भाषा अध्ययनको बातावरण भएमा राम्रो हुन्थ्यो भन्ने लाग्छ | (30 बर्ष उमेर समुहकी महिला)
- जापानी भाषा जहाँ गएपनि मातृभाषा जस्तो गरी बुझ्ने गरी उक्त क्षेत्रको भाषामा कम्युनिकेशन गर्न सकेमा अझ सजिलोसंग समस्या समाधान गर्न सकिन्छ | त्यसैले, बिदेशी नागरिक बस्ने क्षेत्रको अजिकामा क्षेत्रीय भाषा र कानुन, संस्कृति सिकाउने कक्षा संचालन गरेमा बिदेशी नागरिक अझै सजिलोसंग लिन सकिन्छ र अझै राम्रोसंग अध्ययन तथा काम गर्न सकिन्छ | (20 बर्ष उमेर समुहकी महिला)

○ बहुभाषिक सहयोगको बारेमा

- जानकारी लिन खोज्नको लागि पहिले भाषागत पर्खाल ठूलो छ | 20 बर्ष जति जापानमा जीवनयापन गरेपनि खान्जी अक्षर गाह्रो भई, लेखपढ गर्न श्रीमानको सहयोग लिईरहेको छु | N1 योग्यत्ता लिएको छु तर, खान्जीमा कमजोर छु | बिदेशी नागरिकको लागि पनि कागजात प्रकृया गर्न सहज होस् भन्ने चाहन्छु | (40 बर्ष उमेर समुहकी महिला)
- अस्पताल, कर कार्यालय, पेन्सन कार्यालय, सामाजिक बिमा कार्यालय आदि व्यवसायिक शब्दावली प्रयोग हुने संस्थामा भाषा अनुवादक भएमा धेरै सजीलो हुने थियो | शंकाको समाधानका साथै अगाडि आउने समस्याको रोकथाम पनि हुने थियो भन्ने लाग्छ | (30 बर्ष उमेर समुहकी महिला)
- हरेक सिटी कार्यालयमा कम्तिमा पनि अंग्रेजी भाषाको भाषा अनुवादक राखिएमा राम्रो हुने थियो | जापानी भाषामा दुःख पाइरहेको हाम्रो लागि अंग्रेजी भाषा महत्वपुर्ण छ | सिटी कार्यालय, अध्यागमन व्यवस्थापन ब्युरो, पेन्सन कार्यालय आदि सार्वजनिक सेवामा भाषा अनुवादक राखिदिन अनुरोध छ | (40 बर्ष उमेर समुहकी महिला)

○ सजीलो जापानी भाषाको बारेमा

- सजीलो जापानी भाषा प्रयोग गर्ने तथा बहुसांस्कृतिक सह-अस्तित्व शिक्षा आवश्यक छ जस्तो लाग्छ | (20 बर्ष उमेर समुहको पुरुष)

आदि

## जातीय भेदभाव/अवसरको समानता/व्यक्तिगत सम्मानको बारेमा (2,687 वटा)

- समाधान गर्न गाह्रो होला तर, इन्टरनेट आदिमा बिरोध धेरै भएको जस्तो लाग्छ | यस्तो बिरोध बिदेशी मात्र नभई साधारण जापानी नागरिकको हकमा पनि कमजोरहरुको लागि भेदभाव हुन्छ | यस खालको बिरोधको लागि कुनै उपाय भएमा राम्रो हुन्थ्यो भन्ने लाग्छ | (70 बर्ष उमेर समुहको पुरुष)
- जस्तै, कन्बिनी आदिमा गएर सधैं झैं परिवारसंग बोल्ने भाषामा बोल्दा हेर्दा वा भाषा कम भएर हो कि, नराम्रो व्यवहार गर्ने गरेको पनि छ | तर, सबैले भेदभाव गरेको भने होइन | दयालु भएर सेवा दिने व्यक्ति पनि धेरै हुनुहुन्छ | (30 बर्ष उमेर समुहकी महिला)
- मैले जापानमा विशेष रुपमा जातीय भेदभाव अनुभव गरेको त छैन तर, जातीय भेदभाव अनुभव गरेको व्यक्ति छ भन्ने थाहा छ | केहि जापानीहरु जातीय भेदभाव हुने कमेन्ट नगरे पनि विदेश तथा बिदेशीको बारेमा अनिवार्य रुपमा जानकारी प्रशस्त भन्ने नभई, बिदेशीहरुलाई बाहिरी जस्तो अनुभव हुने गरी शब्दहरु प्रयोग गरेको चाहिँ हुन सक्छन | बिदेशीलाई बिदेशी भएकै कारणले बैंक लोन तथा क्रेडिट कार्ड नदिने पनि छ (मलाई यस्तो कुरा आवश्यक छ भन्ने थाहा छैन तर, साथीबाट सुनेको छु) | विदेशीले जापानमा जीवनयापन गर्ने हु भने यस्ता सेवाहरु समान रुपमा लिन पाउनु पर्छ | (20 बर्ष उमेर समुहकी महिला)
- जापानीको सहमतिको नियम विदेशीले स्पष्ट नबुझ्ने हुनाले केहि गर्ने बेलामा यस प्रकारको सहमतिको नियम तोड्न गई अनावश्यक भेदभावमा परी जापानमा जीवनयापन गर्ने विदेशीलाई असुविधा हुन जान्छ | यस प्रकारको नियम केहि भाषामा बुझ्ने गरी ब्याख्या गरेर होशियारी कार्ड चाहन्छु | (30 बर्ष उमेर समुहकी महिला)
- संस्कृतिको फरक र जीवन दृष्टिकोणको फरकले गर्दा हामीहरुलाई धेरै गाह्रो भइरहेको छ | हामीले जापानको सम्मान गर्दै घुलमिल हुन अत्याधिक प्रयास नगरी नहुने कुरा बुझेका छौं | जापानीको पक्षबाट पनि हाम्रो संस्कृतिको अध्ययन गरी हामीलाई बुझ्ने प्रयास गर्नु हुन भित्री मन देखिनै लागेको छ | हामी सबै त्यति सम्मको खराब मानिस होइनौं | गल्ति गर्ने व्यक्तिहरु पनि हुन्छन | मलाई पनि उक्त कुरा गल्ति हो भन्ने लाग्छ | तर, जापानीहरुले हामीहरुलाई सहज रुपमा हेरिदिनुहुन अनुरोध गर्दछु | साथै, हामीहरु इमान्दारीका साथ परिश्रम गरी काम गर्न आएको कुरा, हाम्रो अनुशासनको कुरा, मित्रता बढाउंदै मानिसलाई स्वीकार्न पन पर्ने, कसैलाई पनि नराम्रो सोंचले नहेरेको कुरा, उल्टै धेरै आकर्षक भएको कुरा देखाउने मौका दिनुहुन अनुरोध गर्दछु | (50 बर्ष उमेर समुहकी महिला)

आदि

## कामको बारेमा (3,270 वटा)

○ रोजगारको समयको समस्याको बारेमा
- भिसाको आधारको रुपमा रहने रोजगार सम्बन्धि सहयोग राम्रो भएको चाहन्छु | (20 बर्ष उमेर समुहकी महिला)
- जापानमा लुकेको नियम अति धेरै भई, बिशेष गरी जागिर खोज्नको लागि धेरै कठिन छ | यस बारेमा निश्चित मात्रामा सहयोग लिन चाहन्छु | (20 बर्ष उमेर समुहकी महिला)
- बहुभाषा तथा सिपको प्रयोग हुने कामको बारेमा जानकारी खोज्न गाह्रो छ | (20 बर्ष उमेर समुहकी महिला)

○ रोजगारी पाएपछिको समस्याको बारेमा
- मैले अंग्रेजी भाषामा काम गरिरहेको र कम्पनीले जापानी भाषा कक्षा बिचमै छोडेमा जापानी समाजमा घुलमिल हुन गाह्रो छ | ओभरटाइम काम बढि भई, भाषा स्कुलमा जान पनि धेरै गाह्रो छ | कम्पनीलाई बिदेशी कर्मचारीको लागि भाषा सहयोग अनिवार्य गराएमा राम्रो हुने थियो | अथवा, स्थानीय निकायको कम्युनिटी कक्षा तथा कार्यक्रममा, जापानमा घुलमिल हुन सहयोग चाहन्छु | (30 बर्ष उमेर समुहकी महिला)
- कम्पनीबाट सवारी चालक अनुमति पत्र, मेसिन चालक अनुमति पत्र, काम सम्बन्धि विभिन्न अनुमति पत्र विदेशीलाई अझ बढि सहयोग गर्ने नीति आवश्यक छ | तलब तथा बोनस बिदेशीको लागि पनि समान चाहन्छु | हरेक संस्थाले समस्याको बेलामा, आवस्यक परेको बेलामा जसले पनि सहयोग लिन पाई आइपर्ने समस्या सहज रुपमा समाधान गर्न सकिने अन्लाइन सहयोगको वेबसाइटको तयारी गर्नुहोस् | (20 बर्ष उमेर समुहको पुरुष)

आदि

## जानकारी उपलाब्धको बारेमा (2,127 वटा)

○ जानकारीको बिवरणको बारेमा
- परामर्श संस्थाको साथमा सुरुबाटै बिशेष गरी रोजगार, जापानको कानुन, आर्थिक दायित्व तथा नियमावली आदिको बारेमा निर्देशन पाएमा अति उपयोगी हुने व्यक्तिगत रुपमा लाग्दछ | (30 बर्ष उमेर समुहको पुरुष)
- प्रश्नावलीको लागि धन्यवाद | आगामी दिनमा बच्चा हुर्काउने कुराको बारेमा सोंच्नु पर्ने भएकोले बच्चा हुर्काउने र बच्चाको शिक्षाको सहयोग पाएमा धेरै नै सहयोग मिल्ने थियो ! साथै, कर तथा पेन्सनको बारेमा बुझ्न अतिनै गाह्रो प्रणाली पनि सजीलो संग तालिका बनाई, हालको अवस्थामा कस्तो कुरा आवश्यक छ, कस्तो कुरा गर्न सकिन्छ भन्ने एक नजरमै निधो गर्न सकेमा अझै धेरै सहयोग पुग्ने थियो ! (30 बर्ष उमेर समुहकी महिला)
- जापानको सन्दर्भमा काम तथा कार्यक्रम गतिविधिमा अझै पनि सकृय हुन चाहने बृद्ध परिवार लक्षित जानकारी प्रसारणको चाहना राख्दछु | (70 बर्ष उमेर समुहकी महिला)
- निकट भविष्यमा कुनै बिदेशी नागरिक जापान आउँदा उक्त व्यक्तिले आफु बस्ने क्षेत्रमा "जापानी नागरिकको संस्कृति र रहनसहन" शिर्षकमा छोटो अवधिको तालिम कक्षामा सहभागी हुन सकेमा राम्रो हुन्थ्यो भन्ने लाग्दछ | जापानीले अतिने अस्पष्ट कुरा गरी, चाहेको कुरा पनि सिधा भन्दैन | त्यसैले विदेशीले जापानीले चाहेको कुरा पुरै नबुझी बेला बेलामा गलत बुझिरहेको हुन्छ | बिशेष गरी जापानी भाषा राम्रोसंग नजान्ने व्यक्तिलाई यस्तो हुन्छ | (20 बर्ष उमेर समुहको पुरुष)

○ जानकारी प्रसारणको विधिको बारेमा
- सरकारी वेबसाइटहरु धेरैमा अति राम्रा जानकारीहरु उल्लेख गरिएको हुन्छ तर, डिजाइन नराम्रो हुने, "कानुनी शब्द" धेरै प्रयोग गरिएको हुनाले नेभिगेट गर्न गाह्रो हुन्छ | (30 बर्ष उमेर समुहको पुरुष)
- जानकारी उपलब्ध गराउने (काउन्टर तथा साइट) विभिन्न भई, त्यसमै भने समस्या छैन तर, जम्मा गरेको सूचना (कुन प्रकृया अध्यागमनमा हो, कुन प्रकृया सिटी अफिसमा गर्ने हो आदि) भएमा राम्रो हुने थियो | (20 बर्ष उमेर समुहकी महिला)
- हरेक क्षेत्रमा बिदेशीको लागि परामर्श काउन्टर स्थापना गरिएको कुरा सकेसम्म धेरै बिदेशीहरुलाई सुचित गराउने गरी प्रयास गरियोस भन्ने चाहन्छु ! (30 बर्ष उमेर समुहकी महिला)
- सिटी अफिस र बिदेशी नागरिकको बिचमा जानकारी आदानप्रदान बैठक हुनु पर्छ | (30 बर्ष उमेर समुहको पुरुष)

आदि

## भिसाको बारेमा (2,403 वटा)

- भिसाको अनुशन्धानको बेलामा अनुतिर्ण भएको कुरा स्पष्ट रुपमा औंल्याउनु पर्छ | (40 बर्ष उमेर समुहको पुरुष)
- भिसा प्राप्त गर्ने प्रकृया, आवश्यक कागजात तयार पार्ने आदिको सहयोग भएमा राम्रो हुने थियो | (30 बर्ष उमेर समुहको पुरुष)
- जापानको पर्मानेन्ट रेसिडेन्टको निवेदन अलि सजीलो बनाई दिए हुन्थ्यो जस्तो लाग्छ | त्यसो भएमा जापानमा बसोवास गर्ने विदेशीले पनि जापानमै दुख गर्ने ईच्छा बढ्छ जस्तो लाग्छ | (20 बर्ष उमेर समुहको पुरुष)
- जस्तै, काम खोज्ने बेलामा, भिसा लिन सकिने काम कस्तो काम हो थाहा छैन | मा मात्रै हुन पनि सक्छ, अझ धेरै बिस्तृत जानकारी पाए हुन्थ्यो भन्ने लाग्छ | वेवमा पनि हेल्लो वर्कमा पनि रोजगार साइटमा पनि भिसा आउने काम हो भन्ने जानकारी आदि विदेशीले भिसा लिन सजीलो हुने कामको बारेमा बिस्तृतमा जम्मा गरिदिने भएमा राम्रो हुने थियो | यदि यस्तो जानकारीको उपलब्ध पनि पहिले भएमा माफी चाहन्छु | (30 बर्ष उमेर समुहको पुरुष)

आदि

## शिक्षाको बारेमा (1,593 वटा)

- शिशु अवस्थामा आफ्नो देशबाट लिएर आएको बच्चाहरु जापानी र मातृभाषा दुवै अधकल्चो भई कतै पनि आवद्द हुन नसकी परिचय स्पष्ट नभई अलग हुने घटना धेरै छ | शैक्षिक संस्थामा जापानी भाषा मात्र नभई मातृभाषा पनि संगै अध्ययन गर्न सकिने उपयुक्त नीतिको आवश्यकता छ भन्ने लाग्छ | (30 बर्ष उमेर समुहको पुरुष)
- प्राथमिक विद्यालयदेखि कलेजसम्म स्कुल छनौट, परीक्षाको अप्ठ्यारो स्तर आदिको जानकारी उपलब्ध गराउनु भएमा हुने थियो | (30 बर्ष उमेर समुहको पुरुष)
- बिदेशी अभिभावक लक्षित बच्चाको जापानी भाषा क्षमताको सहयोग भएमा राम्रो हुने थियो | अभिभावकहरु नेटिभ नभएकोले बच्चाको जापानी भाषाको रिजल्ट खस्कने क्रममा भएको जस्तो लाग्छ | दोश्रो पुस्ताको जापानी भाषामा सहयोग गर्नको लागि पढ्ने शिक्षा तथा काउन्सेलिंग/शिक्षा भए राम्रो हुने थियो | (50 बर्ष उमेर समुहकी महिला)

आदि

## आवासको बारेमा (1,906 वटा)

- जागिरको सरुवा भएर नयाँ कोठा खोज्ने बेलामा धेरै घरबेटी तथा रियल स्टेट कम्पनीबाट विदेशीसंग कारोबार नगर्ने भन्यो (जापानी भाषा राम्रोसंग बोल्न सक्ने भएपनि) | यस्तो अवस्था कम्पनी तथा व्यक्ति अनुसार हुने भएकोले, जस्तै भएपनि नहुने कुरा बुझेको छु | बिदेशी भएर किफायती आवास खोज्नको लागि सोंचे भन्दा गाह्रो भयो | (20 बर्ष उमेर समुहकी महिला)
- साथीले भाडाको घर छोड्दा अस्वाभाविक लाग्ने डिपोजिट रकमको माग गरिएको थियो | गत बर्ष म आफै पनि जापान भर्खर आएको बेलामा घर भाडामा लिने प्रकृयामा त्यति थाहा नभएकोले एक अवधिमा अन्यौलमा परें | यदि आवास खोज्ने देखि छोड्ने बेलामा सम्मको प्रकृयाको बिवरण तथा विदेशीलाई विचार गरेर आवास भाडामा लिने सम्बन्धि गाइड भएमा राम्रो हुने थियो | (20 बर्ष उमेर समुहकी महिला)

आदि

## अन्तरक्रियाको बारेमा (1,527 वटा)

○ जापानी र बिदेशीको अन्तरक्रियाको बारेमा

- युवावस्थाको बिद्यार्थी जीवनको बेला मात्र नभई, 30 बर्ष उमेर समूह पछि पनि जापानीसंगको अन्तरक्रिया गर्न सजीलो संरचना भएमा राम्रो | (30 बर्ष उमेर समुहको पुरुष)
- सधैंजसो स्थानीय मेला, नांच, विशेष कार्यक्रमहरु हुन्छ तर, मलाई ति कुराहरु पछि मात्र थाहा हुन्छ | म, मेरो कम्युनिटिमा के भईरहेको छ भन्ने बारेमा जान्न चाहन्छु | त्यसो भयो भने मा पनि सहभागी हुन सक्छु | एकै सोंच भएमा व्यक्तिहरुको क्लबमा जोडिन पनि गाह्रो छ | बसिरहेको सिटीमा म जोडिन सक्ने कोरस समूह भेटाउनको लागि 3 भन्दा बढि लाग्यो | बिदेशीहरुले कम्युनिटीलाई आत्मसात गर्न चाहिरहेका छन् | तर, हामीलाई त्यसो गर्नको लागि के गर्नु पर्छ भन्ने थाहा छैन | (40 बर्ष उमेर समुहकि महिला)
- सम्भव भएमा म बसिरहेको क्षेत्रमा बिदेशी र बिदेशी (बिदेशी भाषा, संस्कृति, चालचलन, बोल्ने शैली आदि सहित) लाई मन पराउने जापानीहरुको बिचमा सहकार्य, अन्तरक्रिया गर्न सक्ने संस्था, समूह बनाईदिनुहुन चाहन्छु | म आफै पनि जापानमा 5 बर्ष बसेको छु तर, व्यवस्थित रुपमा जापानी भाषा सिक्न नसकेको कुराको अलावा घरायसी काममा ब्यस्त भई जापानी भाषाको स्तर बढाउनको लागि समय पनि छैन | अहिले मैले दैनिक जीवनयापनको कम्युनिकेशन मात्र गर्न सक्छु र बच्चाको स्कुलबाट आउने जापानी भाषाको कागजातहरु 50～60% जति पढ्न सक्छु | कन्भिनियन्स स्टोरमा काम गर्छु तर सुनेर बुझ्ने क्षमता अझै राम्रो छैन | त्यसैले, जापानी र बिदेशीको अन्तरक्रिया कार्यक्रममा सहभागी गर्न सक्ने हुनको लागि सधैं सओंचिरहेको हुन्छु | अझै आत्मविश्वासको साथ कम्युनिकेशन गर्नको लागि जापानीसँग कुरा गर्ने, अन्तरक्रिया गर्न चाहन्छु | म आफै अति खुल्ला सोंचाईको भएकोले कुरा गर्न मन पर्छ तर, मेरो संबाद क्षमता कम भनेर मसंग कुरा गर्न नरुचाउने हो कि भन्ने चिन्ताले जापानीलाई बोलाउन अलि गाह्रो लाग्छ | म सहित 3 जना जापानी साथी गरी 4 जनाको समूह बाहिर निस्किने गर्दछौं | सधैं संगै खेलिदिनुहुंदा खुसि लाग्छ तर, जापानीहरु कहिलेकाँही जापानी भाषा तथा जापानीको बिचमा छिटो बोल्ने गर्दा मलाई बुझ्न गाह्रो भई संगै कुरा गर्न सक्दिन र सुन्न सकेसम्म सुन्ने र बोल्ने प्रयास गर्छु | त्यस्तो बेलामा मलाइ एक्लो महसुस हुने, लाज लाग्ने, नरमाइलो हुने हुँदा सो समय सकेसम्म छिटो सकिए हुन्थ्यो जस्तो लाग्छ | काम गर्ने ठाउँमा शान्त र दयालु जापानी साथी हुनुहुन्छ र उहाँसँग धेरै कुरा गर्न चाहन्छु तर, मेरो कुरा गर्ने तरिका उहाँले बुझ्नु हुन्न कि जस्तो चिन्ताले उहाँलाई बोलाउने आँट आउदैन | जातीय भेदभाव नगरी जन्मिएको ठाउँसँग सम्बन्धित नभई जसले पनि रमाइलोसंग अन्तरक्रिया गर्न सक्ने ठाउँ साँच्चै नै चाहन्छु ! (20 बर्ष उमेर समुहकी महिला)
- मैले अनुभव गरेको सबैभन्दा ठूलो समस्या विदेशीलाई समाजमा घुलमिल हुन सहयोग हुने खालको सुचनामा पहुँच हो | बिशेष गरी कम्युनिटी स्तरको अनौपचारिक जानकारीमा पहुँच गर्न गाह्रो छ (टोल समितिको गतिबिधि, मेला, छिमेकीसंगको सम्बन्ध आदि) | जापानी भाषा बिना समस्या बोल्न सकिन्छ तर, त्यति हुँदा पनि स्थानीय गतिबिधि सम्बन्धि जानकारी पाउन सकिन्न | त्यस कारणले बिदेशी कम्युनिटी भित्र बाहेक जीवनयापन गरेको छैन | बल्लबल्ल यहाँ हुर्किएको बच्चाहरु पनि जापानी समाजको एक सदस्य हो भन्ने महसुस भएको छैन | जापानले अहिले भोगिरहेको जनसंख्याको खतराले जापानीहरुको दृष्टिकोणमा सकारात्मक परिवर्तन ल्याई बिस्तारै विदेशीलाई समाजमा स्वीकार्ने भएमा राम्रो हुने थियो | (60 बर्ष उमेर समुहकी महिला)

○ उही देशका नागरिक बिचको अन्तरक्रियाको बारेमा

- आफ्नो देशका मानिसहरु कुन क्षेत्रमा कति छ भन्ने कुरा जान्न चाहन्छु | उही देशको कम्युनिटीको बारेमा जान्न चाहन्छु | (30 बर्ष उमेर समुहकी महिला)

आदि

## परामर्शको बारेमा (1,495 वटा)

- कसैले समाधान गर्नुपर्ने कुनै समस्या परेको बेलामा उक्त व्यक्ति उपयुक्त परामर्श केन्द्र वा संस्थामा मार्गनिर्देश गर्ने माध्याम हो | मानिसहरुले समाधान गर्नुपर्ने समस्या अनिवार्य रुपमा गहिरो रुपमा बुझ्ने नभई एक विभागबाट अर्को विभागमा गरी समय खर्च मात्र गराउँछ | सुरुमै परामर्शको कुरा सुन्ने बिज्ञ आवश्यक परेको व्यक्तिलाई उपयुक्त सहयोग नगरी हुँदैन | साथै, जापानमा अत्यधिक कागजातको काम हुने भएकोले त्यसको कारणले मानिसहरु सहयोग माग्न पनि हिच्किचाउँछ | भाषामा प्रशस्त आत्माविश्वास नभएका मानिसहरुले बिशेष त त्यसो गर्छन | (30 बर्ष उमेर समुहकी महिला)
- स्वास्थ्य संस्थामा संगै जाने वा सहयोग, मातृभाषामा परामर्श केन्द्र बन्ने सार्बजनिक संस्था आवश्यक (चिनजान तथा साथीको हकमा गलत जानकारी बढि हुन्छ) | (40 बर्ष उमेर समुहको पुरुष)
- विभिन्न क्षेत्रको बिशेष ज्ञान भएका मानव संसाधन जम्मा भएको संस्था भएकोले, बिदेशीहरु कुनै कुरामा समस्या परेको बेलामा परामर्श तथा सहयोगको माग गर्न सकेमा राम्रो | (40 बर्ष उमेर समूहकी महिला)
- ब्ल्याक कम्पनीमा काम गरेको खण्डमा, समस्या उत्पन्न हुने हुनाले परामर्श काउन्टर वा भिसाको बिश्राम अवधि भएमा सहयोग पुग्ने व्यक्तिहरु धेरै छ जस्तो लाग्छ | (40 बर्ष उमेर समुहको पुरुष)
- बिदेशीको लागि सहयोग (बिशेष गरी परामर्श किसिमको) को बारेमा “अर्को व्यक्ति बिदेशी हो” भन्ने चेतना लिएर सुरु देखिने सिकाइदिनुहुन चाहन्छु | जापानीको लागि साधारण लाग्ने कुरा पनि विदेशीलाई थाहा नहुन सक्छ | (20 बर्ष उमेर समुहकी महिला)
- मातृभाषामा जानकारी तथा सहयोगमा पहुँच पुर्याउन कहिले काहिँ गाह्रो हुन्छ | साथै, समस्या मेरो अवस्था बिशेषको भएकोले अन्लाइनमा खोज्न नमिल्ने, कसलाई सोध्दा हुने हो थाहा नहुने हुन्छ | (30 बर्ष उमेर समुहकी महिला)
- भिसा सम्बन्धि प्रश्न तथा कर, विदेशीले कहाँ काम खोज्दा हुने हो आदि आर्थिक सहयोगको बारेमा पनि अझ पर्याप्त सहयोग लिन चाहन्छु | साथै, मानसिक स्वास्थ्य सम्बन्धि सहयोग तथा बिदेशमा एक्लो महसुस गरेको बेलामा त्यसलाई पार गर्ने तरिकाको बारेमा पनि चासो छ | (20 बर्ष उमेर समुहकी महिला)

आदि

## स्वास्थ्यको बारेमा (1,987 वटा)

- स्वास्थ्य संस्थामा गएको बेलामा लक्षण भन्न नसकी, बिमारिसंग मेल खाने उपचार नगरी समस्यामा परेकोले त्यस्तो सहयोग अझै भए हुन्थ्यो | (20 बर्ष उमेर समुहको पुरुष)
- हाल म गर्भवती छु र अस्पतालमा गएर जाँच गर्ने बेलामा विभिन्न कुराहरु आफैले बुझ्ने गरी राम्रोसंग सिकाइदिए हुन्थ्यो | (30 बर्ष उमेर समुहकी महिला)
- जटिल रोगको बारेमा अझै बढि अनुदान प्रणालीको बारेमा जान्न चाहन्छु | (20 बर्ष उमेर समुहको पुरुष)
- मेरो हकमा चिकित्सककोमा जाने कुरा गाह्रो छ | मेरो रोगको बारेमा अभिव्यक्त गर्न गाह्रो छ, साथै मलाई चिकित्सकले भन्नुभएको कुरा बुझ्न समस्या छ | भाषाको पर्खालको कारण जाँच पछि पनि आफु ठिक हुन्छ कि हुन्न भन्ने बारेमा स्पष्ट थाहा छैन | (50 बर्ष उमेर समुहकी महिला)

आदि

## करको बारेमा (2,196 वटा)

- पहिलो पटक जापान आएको व्यक्तिको लागि बर्षान्तको आम्दानी तथा करको घोषणा गर्ने कुरा राम्रोसंग थाहा हुँदैन | (20 बर्ष उमेर समुहको पुरुष)
- भिसा तथा कर प्रणाली जटिल र गाह्रो छ | मार्चमा सरुवा भएकोले नागोयाबाट ओसाकामा कोठा सरेर आएँ तर, प्रक्रियाहरु राम्रोसंग थाहा नभएकोले भिसाको नवीकरण तथा नागरिक करको प्रकृया तुरुन्त नगरेकोले आगामी दिनमा पर्मानेन्ट रेसिडेन्टको आवेदनमा असर पर्ने हो कि चिन्ता लागेको छ | सिटी अफिसमा सरुवा प्रकृया गर्दाको जस्तो चेकलिस्ट पाएमा आभारी हुने थिएँ | (30 बर्ष उमेर समुहकी महिला)
- 1 बर्ष पछि देश फर्केको खण्डमा त्यस बर्षको आवासिय कर नलाग्ने जस्तो गरी स्थानीय निकायलाई रिपोर्ट गर्नु पर्ने आवश्यक भएको कुरा | मलाई यो कुरा थाहा थिएन | भियतनाम बच्चा जन्माएर जापानमा फर्केको बेलामा प्रान्तमा नबसेको बर्षको कर पनि नतिरी भएन | (20 बर्ष उमेर समुहकी महिला)

आदि

## पेन्सनको बारेमा (1,749 वटा)

- आफ्नो देशको पेन्सन प्रनालिसंग जोडिदिए हुनेथियो | (40 बर्ष उमेर समुहको पुरुष)
- मूल्य मान्यता र संस्कृतिको भिन्नता पनि भएकोले “जापानमा बस्दाको नियम” एक हदसम्म सिकाएमा अन्य व्यक्तिलाई दुख दिने कुरा केहि कम हुने थियो जस्तो लाग्छ | साथै, कर र पेन्सनको संरचनाको ब्याख्या पनि आवश्यक छ जस्तो लाग्छ | म जापानको स्कुलमा अध्ययन गरेकोले जापानी भाषा बुझ्न सक्ने हुनाले आफै खोजें तर, अधिकांश व्यक्तिहरु दैनिक जीवनयापनको जापानी भाषा बाहेक नबुझ्ने हुनाले “पेन्सनको संरचना” “करको प्रकार” “आम्दानी कर” आदि अनुमान गरेको छैन जस्तो लाग्छ | यी कुराहरु नबुझेकोले अबैध श्रममा लगाइएको बिदेशीहरु पनि छन् जस्तो लाग्छ | साथै, शहरी क्षेत्रका सिटी अफिसमा अंग्रेजीमा परामर्श गर्न सकिने स्थान धेरै छ तर, गाउँ क्षेत्रमा उक्त कुरा नसक्ने स्थानमा समस्यामा परेका बिदेशीहरु पनि छन् | जापानी र बिदेशीहरु एक आपसमा सम्मान गर्ने बातावरण, आपसी सहयोगको बातावरण बढेमा राम्रो हुने थियो जस्तो लाग्छ | (20 बर्ष उमेर समुहकी महिला)

आदि

## राजनैतिक सहभागिताको बारेमा (514 वटा)

- म लामो समय जापानमा बसेको व्यक्ति भएको नाताले बिदेशीहरुले राजनैतिक समस्याको बारेमा सकारात्मक योगदान गर्न सक्छ भन्ने लाग्छ | त्यसको कारण, बिदेशीहरु फरक सांस्कृतिक पृष्ठभूमी भई, बिषयहरुलाई फरक दृष्टिकोणबाट हेर्ने भएकोले हो | उपयुक्त समाधानको उपाय पत्ता लगाउनको लागि विभिन्न कोणबाट बहस गर्नु आवश्यक छ | (60 बर्ष उमेर समुहकी महिला)
- बिदेशी भएर जापानको राजनीतिमा भाग लिन हुँदैन तर, हाल जापान सरकारको कुनै नीति बिदेशीहरु सबै "पहिले नै थाहा छ" व्यक्तिलाई एक आपसमा पुर्याउन जिम्मा दिई,आफैले चाहिं सकृय रुपमा प्रसारणको माध्याम खोजिरहेको जस्तो लाग्दैन | यदि लामो अवधिको भिसा भएको तल्लोस्तरको बिदेशीले राजनीतिमा न्युनतम सहभागिता जनाउँदा जापानवासी बिदेशीको बारेमा सरकारी निकायको ध्यान तानी, यस कुराबाट सहि जानकारीको प्राप्तिमा संरक्षण गर्न सकिने हुन्छ भने मेरो सोंचाई हो | (30 बर्ष उमेर समुहको पुरुष)
- हालको अवस्थामा मेरो लागि खासै केहि बेफैदा पनि नभोगी, बिस्तृत धारणा सोच्न सक्दिन | तर, पर्मानेन्ट रेसिडेन्ट भएर पनि राष्ट्रियता फिलिपिनकैभएकोले मताधिकार छैन र त्यस सम्बन्धि गतिविधिको बारेमा अलग महसुस हुन्छ | मा आफै सानैदेखि जापानमा बसिरहेको र लगभग जापानी भएको महसुस हुन्छ तर मताधिकार नभए पनि राजनीतिमा चासो अलि कम भएको हो कि भन्ने लाग्छा | (20 बर्ष उमेर समुहकी महिला)

आदि

## बिमाको बारेमा (1,589 वटा)

- जस्तै, बेरोजगार बिमा सम्बन्धि जानकारी अझ बढि चाहन्थें | वास्तवमा कस्तो संरचना रहेको छ थाहा छैन | (50 बर्ष उमेर समुहकी महिला)
- स्वास्थ्य बिमा तथा सवारी बिमा आदि जस्ता बिमा, पेन्सन प्रणाली आदिको बारेमा बुझाउनु आवश्यक छ | (30 बर्ष उमेर समुहकी महिला)
- विदेशीहरुको लागि जापानमा राम्रो जीवनयापन गर्नको लागि विभिन्न प्रयासहरु गर्ने स्थानीय निकाय छन् तर, यी निकायहरुले सकृय रुपमा हात फुलाउने गरेका छैनन जस्तो मलाई लाग्छ | जस्तै, कर, पेन्सन, बिमा सम्बन्धि समस्याको बारेमा हामीलाई केहि आवश्यक परेमा हामी कहाँ जाँदा राम्रो हुने हो थाहा छैन | साथै, हामीले अंग्रेजी भाषामा सहयोग पाएपनि उक्त सहयोग उपयोगी नहुन पनि सक्छ | (60 बर्ष उमेर समुहकी महिला)

आदि

## बैंक खाता / क्रेडिट कार्ड / ऋणको बारेमा (1,587 वटा)

- जापान आउनासाथ मेरो लागि महत्वपूर्ण कुरा मोबाइल फोन, कोठा, बैंक खाता बनाउने कुरा थियो | बैंकले ठेगाना नभएसम्म खाता खोलि दिंदैन | बैंक खाता र मोबाइल फोन नहुनेलाई कोठा भाडामा दिंदैन | टेलिफोन कम्पनीले बैंक खाता नभएको व्यक्तिलाई मोबाइल फोन दिंदैन | हालको मेरो समस्या भनेको परिवार भएकोले हामी श्रीमान श्रीमतीको लागि घर किन्न आवास ऋण दिने बैंक खोजि रहेको छु | (30 बर्ष उमेर समुहको पुरुष)
- आमा पनि 10 बर्ष भन्दा बढि जापान बसेको पर्मानेन्ट रेसिडेन्ट हुनुहुन्छ | एउटा मेगा बैंकमा बचत खाता खोल्नको लागि बैंकमा जनाको लागि बुकिंग गरें तर, बैंकको सम्बन्धित कर्मचारीबाट फोन आयो र "जापानी भाषा बोल्न सक्छ ?, टच प्यानल प्रयोग गर्न सक्छ ? टच प्यानल प्रयोग गर्न नसक्ने भए खाता खोल्न सकिंदैन" भनेर अस्विकार गरियो | त्यसैले, सम्बन्धित व्यक्तिले जापानी भाषा पनि टच प्यानल पनि प्रयोग गर्न नसक्ने भए मैले संगै बसेर सिकाउँछु भन्दा पनि हुँदैन भनेर सिधै इन्कार गरियो | सिटी अफिस तथा कानुन मन्त्रालयमा पत्र लेखेर रिपोर्ट गरौं जस्तो गरी भेदभावको महसुस भयो | सहस संग सेवा पाएमा जीवनयापन सहज हुने थियो | पूर्वाग्रह बिना समान रुपमा हेरिदिन अनुरोध छ | (30 बर्ष उमेर समुहकी महिला)
- नामथर लामो भएकोले क्रेडिट कार्ड तथा बैंक कार्ड बनाउन सकिंदैन भन्ने जस्ता नामथर मात्रले पनि समस्या आउने हुनाले सुधार भएमा राम्रो हुन्छ जस्तो लाग्छ | (20 बर्ष उमेर समुहको पुरुष)

आदि

## प्रकोपको बारेमा (752 वटा)

- टोल समितिको प्रकोप सम्बन्धि गतिविधिमा बिदेशी बासिन्दा स्वीकार गर्ने प्रणाली पर्याप्त छैन | (60 बर्ष उमेर समुहकी महिला)
- मेरो घरमा सूचना उपकरण छ र कहिले कहिँ साइरन बज्छ | मैले नबुझेको हो कि, स्क्रिनमा "आकस्मिक सूचना" भन्ने डिस्प्ले बाहेक देखिन्न | त्यो वास्तबमा डर लाग्दो छ | त्यहाँ मलाइ विभिन्न साइरेन वा सूचना उल्लेख गरिएको तस्विर वा वेबसाइट भएमा राम्रो हुन्थ्यो जस्तो लाग्छ | त्यसो भएमा मैले सिक्न सक्छु | Safety Tips एप्लिकेशन सहयोगी छ तर, एक दिन बिहानको 1 बजे आगोलागि जनाउने साइरन बज्दा के भएको हो मैले बुझिन | (20 बर्ष उमेर समुहकी महिला)
- धैरे बिदेशीहरुले समाचार कहिले हेर्दैन वा समाचार हेरे पनि बिवरण राम्रोसंग नबुझेको हुन सक्ने भएकोले सुनामी तथा ज्वालामुखी आदि प्राकृतिक प्रकोप भई सचेत गराउने बेलामा मातृभाषामा थप सेवा चाहन्छु | (20 बर्ष उमेर समुहकी महिला)

आदि

## बाल हेरचाहको बारेमा (1,205 वटा)

○ जानकारी दिने बारेमा
- बच्चाको स्कुलबाट आएको पत्र पढ्न नसक्ने भएकोले श्रीमानलाई जिम्मा दिएको छ | (40 बर्ष उमेर समुहकी महिला)
- बाल हेरचाहको जानकारी, कामको जानकारी विदेशीहरुको लागि उच्च कठिन र प्राप्त गर्न गाह्रो छ | जापानीहरुको आमाहरु बिचको संजाल छ | (40 बर्ष उमेर समुहकी महिला)
- म आफु कलेजको बेलामा जापान आएकोले जापानको प्राथमिक विद्यालयको शिक्षाको बारेमा केहि थाहा नभएकोले बच्चाको शिक्षा सम्बन्धि सहयोग चाहन्छु | (40 बर्ष उमेर समुहको पुरुष)

○ बाल हेरचाह सम्बन्धि समस्याको बारेमा
- शिक्षा तथा बाल हेरचाह, गर्भवती, बच्चा जन्मे पछिको परामर्श काउन्टर सबै जापानी भाषामा मात्र भएकोले आफ्नो भावना तथा परामर्श गर्न खोजेको कुरा पूर्ण रुपमा बुझाउन नसकिने हुनाले सहयोगको याचना गर्ने ठाउँ नै छैन जस्तो महसुस हुन्छ | (30 बर्ष उमेर समुहकी महिला)

आदि

## मृत्यु (चिहान सुरक्षित गर्ने आदि) को बारेमा (500 वटा)

- चिहान तथा दाहसंस्कारको बारेमा अझ बढि जानकारी चाहन्छु | (20 बर्ष उमेर समुहकी महिला)
- हाल बिदेशीहरुले जापानमा घर किन्ने क्रम बढिरहेको छ तर, उत्तराधिकारीको लागि अति धेरै कागजात आफ्नो देशमा लिन नगई नहुने भएकोले यो कुरा मानबियता संग पनि जोडिएको हुनाले सुधारको अपेक्षा गरिएको छ | (40 बर्ष उमेर समुहको पुरुष)
- कथंकदाचित जापानमा प्राकृतिक प्रकोप तथा अद्योगिक दुर्घटनाका कारण मृत्यु भएमा शवलाई भियतनामसम्म लैजान सहयोगको आवश्यक पर्छ जस्तो लाग्छ | (20 बर्ष उमेर समुहकी महिला)

आदि

## अन्य (550 वटा)

○ एक्लोपन, मासिक स्वास्थ्यको बारेमा
- मा जस्तो बिदेशीको लागि जापान सांच्चैनै आरामदायी छ तर, भाषाको ज्ञान नपुगेकोले जापानी संगको सम्बन्ध नहुँदा एक्लोपन महसुस हुने गर्छ | (20 बर्ष उमेर समुहकी महिला)
- बिदेशी भएर सहयोगको याचना गर्नु सजीलो छैन | मानसिक स्वास्थ्य साच्चै नै खराब भएपछि केहि अस्वाभाविक भएको थाहा हुन्छ | केहि अस्वाभाविक भन्ने थाहा भएपनि कसैसंग कुरा गरेर सहयोग लिन पनि गाह्रो छ | (40 बर्ष उमेर समुहकी महिला)
- मलाई मानसिक स्वास्थ्य सम्बन्धि सहयोग आवश्यक जस्तो लाग्छ | किनभने, मलाई आफ्नो भविष्यको बारेमा अत्यधिक चिन्ता लाग्छ | (20 बर्ष उमेर समुहकी महिला)

○ प्राकृतिककरणको बारेमा
- जापानमा लामो समय बसेका मानिसहरुले जापानी नागरिकता सजिलै प्राप्त गर्ने होस् भन्ने चाहन्छु | अब जापान बाहेकको देशमा बस्ने कुरा सोंच्न पनि नसकिने हुनाले, आफ्नो देशको राहदानी निवेदनको लागि विभिन्न झन्झट छ | जापानमा लामो बसेकोले जीवनयापन पनि सोंचाई पनि जापानी भन्दा फरक छैन | त्यस्तो विदेशीहरुको लागि जापानी नागरिकतामा सजिलै प्रक्रितिकरण गर्न सकिने प्रणाली भएमा राम्रो जस्तो लाग्छ | (30 बर्ष उमेर समुहकी महिला)

○ धर्मको बारेमा
- म इस्लाम धर्मको हुँ | इस्लाम धर्ममा हामीले टाउकोमा हिजाब नलगाई हुँदैन | तर, केहि कार्यस्थलमा हिजाब लगाउन पाईदैन | साँच्चै नै अप्ठ्यारो हुन्छ | (20 बर्ष उमेर समुहकी महिला)
- नजिकमा हलाल फुडको पसल भएमा खुसि हुनेथिएँ | (20 बर्ष उमेर समुहको पुरुष)

○ समलिङ्गी विवाहको बारेमा
- समलिङ्गी विवाहको समानता | मैले जापानी श्रीमान संग जापानस्थित राजदूतावासमा आफ्नो देशको कानुनको आधारमा बिवाह गरें | जापानको कर प्रणालीले उसलाई मेरो जहानको रुपमा स्वीकार नगर्ने कुरामा चिन्ता लाग्छ | अर्थात, यदि मैले श्रीमान संग पैसा लिएमा उपहार कर लाग्छ होला ? यदि मेरो मृत्यु भएमा श्रीमानलेमेरो घर बिक्रि नगरी हुँदैन (मेरो स्वामित्वमा दर्ता गरी राखेको छ), जापानको कानुनमा श्रीमान मेरो कानुनी जहान नभएकोले श्रीमानले ठुलो रकमको विरासत कर नतिरी हुँदैन होला ? यो कुरामा ठुलो चिन्ता भई अनुचित जस्तो लाग्छ | (50 बर्ष उमेर समुहको पुरुष)


○ त्यस बाहेक जीवनयापनको समस्या आदिको बारेमा
- हाल मुल्यबृद्धि र येनको मूल्य घटेकोले बिदेशी कामदारहरुले धेरै अप्ठ्यारो भोगिरहेको हुनाले यो समस्याको बारेमा जापान सरकारले बिचार गरोस भन्ने चाहन्छु | धन्यवाद | (20 बर्ष उमेर समुहको पुरुष)
- जापानी भाषा क्षमता कम भएकोले ठुलो फोहोर फाल्ने बेलामा कम्प्युटरबाट फाराम भर्न सक्दिन र टेलिफोनमा अनुरोध गर्दा कहिले कहिँ स्पष्ट बोल्न नसक्ने हुनाले समस्या पर्छ | (60 बर्ष उमेर समुहको पुरुष)
- विदेशीले जापानको लागि योगदान तथा उपलब्धि अझै धेरै गर्दा राम्रो हुन्छ | (20 बर्ष उमेर समुहको पुरुष)

आदि


# आवद्ध संस्था आदिमा गरिएको सर्वेक्षण

- उत्तरदाता उद्योग (जापान मानक औद्योगिक वर्गीकरण अनुसार), “शिक्षा, अध्ययन सहयोग उद्योग” (34.6%), “उत्पादन उद्योग” (16.8%), “सेवा उद्योग (अन्य बर्गिकरण नगरिएको)” (10.1%) को क्रममा धेरै छ |
- आवद्द विदेशीको भिसा “इन्जिनियर/मानविकी/अन्तरराष्ट्रिय सेवा” (49.0%), “प्रशिक्षार्थी कामदार” (35.9%), “बिद्यार्थी” (33.5%) को क्रममा धेरै छ |
- आवद्द बिदेशीको संख्या “1～10 जना” (30.5%), “101～500 जना” (28.3%), “11～50 जना” (18.0%) को क्रममा धेरै छ |
- आवद्द बिदेशीबाट परामर्श प्रणाली कुनै न कुनै रुपमा “छ” भनेर उत्तर दिएको आवद्द संस्थाको हिस्सा 93.3%, “छैन” भनेर उत्तर दिएको आवद्द संस्थाको हिस्सा 5.2%


## उद्योग




## बर्गिकरण





## आवद्द बिदेशीको भिसा





* एक जना मात्र भएपनि उक्त भिसाको बिदेशी आवद्द भएमा उत्तरदाता आवद्द संस्था आदिको संस्था (एक भन्दा बढि उत्तर सम्भव)

## आवद्द बिदेशीको संख्या





## आवद्द विदेशीबाट परामर्श प्रणाली



- आवद्द विदेशीबाट आएको परामर्श बिवरणमा, "काम (श्रम शर्त/रोजगार/सरुवा आदि)" (61.0%) सबैभन्दा बढि | "भिसा" (52.4%), "जापानी भाषा अध्ययन" (42.4%) को क्रममा छ | जापानमा बसोवास गर्ने बिदेशी नागरिकमा गरिएको सर्वेक्षणमा आवद्द संस्थामा परामर्श गर्ने बिवरणमा सोधिएको परिणाम संग पहिलोमा उही छ तर, दोश्रो पछिको क्रम भने फरक छ |
- आवद्द विदेशीबाट आउने परामर्शको आवृतिमा "हप्तामा 1वटा भन्दा बढि" सबैभन्दा बढि (30.2%), "महिनामा 1 वटा भन्दा बढि (हप्तामा 1 वटा भन्दा कम)" (28.0%), "आधा बर्षमा 1 वटा भन्दा कम" (13.9%) को क्रममा छ |
- आवद्द बिदेशीको संख्या अनुसार आवद्द विदेशीबाट परामर्श आवृति हेर्दा आवद्द बिदेशी 1～10 जना र धेरै नभएको आवद्द संस्था आदिमा पनि करिब 4 मा 1 भाग (23.0%) मा महिनामा 1 वटा भन्दा बढि अवृतिमा आवद्द बिदेशीबाट परामर्श आइरहेको करिब 4 मा 3 भाग (74.0%) ले कुनै न कुनै रुपमा आवद्द विदेशीबाट परामर्श लिने गरेको छ |


## परामर्शको बिवरण





## परामर्श बिवरण (व्यवसाय अनुअसार/अंश)

| | काम | भिसा | जापानी भाषा अध्ययन | मानवीय सम्बन्ध |
|---|---|---|---|---|
| शैक्षिक संस्था (n=152) | 52.6 % | 78.9 % | 67.1 % | 40.1 % |
| व्यवस्थापकीय संस्था (n=91) | 83.5 % | 42.9 % | 54.9 % | 71.4 % |
| दर्ता सहयोगी संस्था (n=77) | 83.1 % | 48.1 % | 46.8 % | 70.1 % |
| संस्था (नाफामुलक) मात्र छनौट (n=176) | 54.0 % | 38.1 % | 17.0 % | 25.6 % |

## परामर्श आवृति





## परामर्श आवृति (आवद्द बिदेशीको संख्या अनुसार)




- आवद्द विदेशीबाट आएको परामर्श दिंदाको समस्याको रुपमा "खासै समस्या छैन" बाहेक, "परामर्श लिने व्यक्तिले जापानको प्रणाली बुझेको छैन" (41.1%), "भाषाको समस्याले सहि बुझाइमा समस्या" (37.7%), "संस्कृति तथा मूल्य मान्यताको फरकले आउने समस्याको कारण समस्याको अनुमान गर्न गाह्रो" (29.2%) बिशेष गरी बढि छ |
- आवद्द विदेशीबाट आएको परामर्शको समाधानमा "कार्यालय भित्र पहिले नै भएको प्रणाली तथा कर्मचारीको उपयोग गरी समाधान गर्ने" (61.9%), "जापानमा जीवनयापन गर्नको लागि आवश्यक जानकारी संकलन सम्बन्धि विभिन्न सेवाको प्रयोग गर्ने/परिचय गर्ने" (53.2%), "कार्यालय भित्र समाधानको लागि प्रणालीमा सुधार तथा लागु सम्बन्धि प्रयास गर्ने" (42.9%) को क्रममा बढि छ | साथै, आवद्द बिदेशीको संख्या कम हुँदा धेरै जसो छनौटमा उत्तरको हिस्सा घट्दो क्रममा छ |

## परामर्श समाधानमा आइपर्ने समस्या





## परामर्श प्राप्त गर्दाको सेवा




## आवद्द विदेशीबाट आएको परामर्शको समाधान बिधि (आवद्द बिदेशीको संख्या अनुसार)

| | *① | *② | *③ | *④ |
|---|---|---|---|---|
| 1～10 जना (n=125) | 49.6% | 28.0% | 38.4% | 14.4% |
| 11～50 जना (n=82) | 53.7% | 46.3% | 39.0% | 22.0% |
| 101～500 जना (n=148) | 70.3% | 69.6% | 45.3% | 42.6% |


## परामर्श समाधान सम्बन्धि निवेदन दिने संरचना





* **"निवेदन पेश गरेको छैन" 81.4%**
(एक भन्दा बढि जवाफ दिएकोले जम्मा 100% बढि छ)

- परामर्श दिन आवश्यक महसुस गरेको कुरामा "भिसा प्रणालीको ज्ञान" (76.9%), "कर तथा पेन्सन आदि विभिन्न सामाजिक प्रणाली सम्बन्धि ज्ञान" (69.5%), "कम्युनिकेशन क्षमता" (62.7%) को क्रममा भई, "बहुभाषिक सेवा क्षमता" (57.3%) सहित जापानमा बसोवास गर्ने बिदेशीले परामर्शदाता कर्मचारीसँग अपेक्षा गर्ने कुरासंग तुलना गर्दा संवाद/भाषागत क्षमताको स्थान उच्च छ |
- कार्यालयमा बिदेशी परामर्श/सहयोगको बिज्ञ कर्मचारी (तल, "सहयोगी कर्मचारी" भनिने छ) भएमा राम्रो लाग्छ र बिदेशीको परामर्श/सहयोगको बारेमा सिक्ने अवसर भएमा सहभागी हुन वा कर्मचारीलाई सहभागी गराउन चाहनु हुन्छ ? भन्ने बारेमा, दुबैमा करिब 80% ले सकारात्मक उत्तर ("चाहन्छु" + "कुन चाहिँ भन्दा चाहन्छु") दिएका छन् | आवद्द बिदेशी कम भएको आवद्द संस्थामा तुलनात्मक रुपमा सकारात्मक जवाफको हिस्सा कम छ तर, करिब 70% ले सकारात्मक उत्तर दिएका छन् |
- बिदेशीको परामर्श/सहयोगको तालिममा महत्व दिने कुरामा "सार्वजनिक संस्थाले तालिमको आयोजना गर्छ" सबैभन्दा बढि (42.9%) छ |

## परामर्श दिन आवश्यक महसुस गरेको कुरा





## कार्यालयमा सहयोगी कर्मचारी भएमा राम्रो लाग्छ ?





## आवद्द बिदेशीको संख्या अनुसार

| | लाग्छ + कुन चाहिँ भन्दा लाग्छ | लाग्दैन+कुन चाहिँ भन्दा लाग्दैन |
|---|---|---|
| 1～10 जना (n=169) | 68.6% | 15.4% |
| 11～50 जना (n=100) | 77.0% | 15.0% |
| 101～500 जना (n=157) | 95.5% | 3.2% |

## बिदेशीको परामर्श/सहयोगको बारेमा तालिममा महत्व दिने कुरा




## बिदेशीको परामर्श/सहयोगको सम्बन्धि तालिममा सहभागी हुन वा गराउन चाहनु हुन्छ ?





## आवद्द बिदेशीको संख्या अनुसार


| | चाहन्छु + कुन चाहिँ भन्दा चाहन्छु | चाहन्न+कुन चाहिँ भन्दा चाहन्न |
|---|---|---|
| 1～10 जना (n=169) | 67.4% | 18.9% |
| 11～50 जना (n=100) | 74.0% | 13.0% |
| 101～500 जना (n=157) | 88.5% | 6.4% |

- राष्ट्रमा सहयोगी कर्मचारीको बिकास गर्न सबैभन्दा उपयुक्त विधिको बारेमा "तालिम (केहि दिन~6 महिना भन्दा कम)" भन्ने 53.0% भई सबैभन्दा बढि छ।
- सहयोगी कर्मचारी नियुक्ति गर्ने बेलामा चाहने कुरामा "सार्वजनिक संस्थाले बिदेशीको लागि परामर्श दिनको लागि नियुक्ति गरेको कर्मचारी सरह वा बढि क्षमता भएको" भन्ने 46.6% भई सबै भन्दा बढि छ।
- सहयोगी कर्मचारीले प्रणाली तथा जानकारीको ज्ञान अपडेट गर्ने तालिम आवश्यक छ भन्ने लाग्छ भन्ने बारेमा "लाग्छ" र "कुना चाहिँ भन्दा लाग्छ" को कुल 89.5% छ।
- अध्यागमनको लागि, जीवनयापनमा समस्या भोगिरहेका बिदेशीलाई सहि सहयोगमा जोड्ने कर्मचारी "बिदेशी सहयोग संयोजक" को बारेमा विचाराधीन छ तर, बिदेशी सहयोग संयोजक सम्बन्धि तालिम लिन पाउने भएमा कर्मचारीलाई लिन लगाउने, लिएको व्यक्तिलाई नियुक्ति गर्न चाहन्छु ("चाहन्छु" + "कुनचाहिँ भन्दा चाहन्छु") भनेर उत्तर दिएका 71.9% छ।


## सहयोग कर्मचारीको बिकासमा उपयुक्त लागेको बिधि





## सहयोगी कर्मचारी नियुक्ति गर्दाको अपेक्षा




## सहयोगी कर्मचारीको अध्ययन सुधार तालिम आवश्यक छ जस्तो लाग्छ




## "बिदेशी सहयोगी संयोजक" नियुक्ति गर्न मन लाग्छ ?




## अद्योगिक क्षेत्र अनुसार/अंश

| | लाग्छ + कुन चाहिँ भन्दा लाग्छ | लाग्दैन + कुन चाहिँ भन्दा लाग्दैन |
|---|---|---|
| शिक्षा/अध्ययन सहयोग उद्योग (n=192) | 75.0% | 11.5% |
| उत्पादन उद्योग (n=93) | 59.1% | 26.9% |
| अन्य क्षेत्र(n=126) | 71.4% | 14.3% |

## व्यवसायिक प्रकार अनुसार/अंश

| | लाग्छ + कुन चाहिँ भन्दा लाग्छ | लाग्दैन + कुन चाहिँ भन्दा लाग्दैन |
|---|---|---|
| शैक्षिक संस्था (n=191) | 77.0% | 9.4% |
| व्यवस्थापकीय संस्था (n=95) | 86.3% | 6.3% |
| संस्था (नाफामुलक) मात्र (n=220) | 60.9% | 22.3% |

## आवद्द बिदेशीको संख्या अनुसार/अंश

| | लाग्छ + कुन चाहिँ भन्दा लाग्छ | लाग्दैन + कुन चाहिँ भन्दा लाग्दैन |
|---|---|---|
| 1~10 जना (n=169) | 57.4% | 23.7% |
| 11~50 जना (n=100) | 67.0% | 21.0% |
| 101~500 जना (n=157) | 84.1% | 7.0% |

**हरेक प्रकारमा "लाग्छ"+"कुन चाहिँ भन्दा लाग्छ" भन्ने 50% भन्दा बढि रहेको छ।**

■ यस सर्वेक्षणमा "कार्यालयमा आवद्द बिदेशीहरुको समस्या समाधान गर्नको लागि, कस्तो सहयोग तथा प्रयासहरु आवश्यक जस्तो लाग्छ" भन्ने बारेमा स्वतन्त्र रुपमा उत्तर लेख्ने प्रश्न दिइएको थियो | प्राप्त उत्तरको एक अंश निम्न अनुसार छन् | साथै, स्पष्ट रुपमा देखिएको अक्षरमा गल्ति, अक्षर छुटेको तथा व्यक्ति/समूह आदि थाहा हुने जानकारी आदिको बारेमा सच्याइनुका साथै प्राप्त धारणा मध्ये एक भाग मात्र प्रकासित गरिएको पनि हुन सक्छ |

## राय/अपेक्षा आदि

○ परामर्श लिने काउन्टर आदि

- एकै काउन्टरमा समस्या समाधान गर्ने व्यवस्था होस भन्ने चाहन्छु | जस्तै, करको बारेमा परामर्श गर्ने बेलामा सिटी अफिसमा सम्पर्क गरेपनि कर कार्यालयमा सम्पर्क गर्नु भनी घुमाउने, प्रणालीगत जानकारी लिनको लागि बिदेशी प्रशिक्षार्थी कामदार विभागमा सम्पर्क गरेपनि अध्यागमन विभागमा सम्पर्क गर्न लगाउने आदि, धेरै स्थानमा सम्पर्क नगरी नहुने हुनाले संयुक्त काउन्टर भएमा राम्रो हुन्थ्यो जस्तो लाग्छ |
- सम्बन्धित संस्थाको बिचमा समस्या घुमाउने पनि धेरै हुने भएकोले ठाडो विभाजनमा सुधार | भूमिका विभाजनको स्पष्टता | बिदेशीहरु अर्को पक्ष हो भन्ने विचार गर्दै सरकारी  निकायको अन्लाइनमा प्रवर्धन |
- गर्भवती अवस्था, जन्म, बाल हेरचाह, किन्डरगार्डेन भर्ना सम्बन्धि परामर्श बढि रहेको अवस्था छ | साथै, ब्याख्या मात्र नभई कागजात तयारीमा सहयोग तथा सरकारी निकायमा सम्पर्क आदि प्रत्यक्ष सहयोग गर्ने कुरा पनि धेरै भई, आगामी दिनमा बिदेशीहरु बढ्दा लाग्ने समय पनि बढ्ने अनुमान गरिन्छ | त्यस अवस्थामा "जन्म ~ बाल हेरचाह, प्राथमिक बिद्यालय भर्ना" को भागमा हरेक सरकारी निकायको शाखा अनुसार नभई एक चरणमै सहयोग गर्नु आवश्यक महसुस हुन्छ |
- बिदेशी कामदारको चिन्ता नाजुक अवस्थाका पनि हुने भएकोले, समस्या भएमा दुवै तर्फको कुरा सुन्ने आदि एकतर्फि नहुने गरी ध्यान दिएको छु तर, SNS को जानकारी धेरै लिने कामदार पनि बढिरहेको तथ्य छ | सहि जानकारी कामदारहरुलाई उपलब्ध गर्न सकिने गरी व्यवस्थापकीय संस्थाको रुपमा पनि सम्बन्धित निकायसंग केहि भएमा परामर्श गरिरहेका छौं तर, घुमाउने कुरा पनि धेरै छ | समस्या समाधानमा तिब्रता पनि आवश्यक भएकोले व्यवस्थापकीय संस्थाको रुपमा पनि कुन समस्या कहाँबाट समाधान गर्न सकिन्छ ? भन्ने कुरा स्पष्ट गर्नु पर्ने गहिरो महसुस गरिरहेका छौं |
- विदेशीबाट आएका परामर्शको समाधान तथा सहयोग सम्बन्धि बिज्ञता भएको व्यक्ति हरेक नगर, वार्ड, गाउँ, टोलमा व्यवस्था गरी, बिदेशीको समस्या अनुसार समाधान गर्न सक्ने व्यक्ति (संगठन) संग जोडिदिने संरचना भएमा राम्रो | बिज्ञता भएको व्यक्तिले बिदेशी आवद्द कार्यालयमा आवधिक रुपमा भ्रमण गरी, समस्याको सुनुवाई तथा समाधान गर्ने |

○ परामर्शदाताको क्षमता/प्रणाली आदि

- बिज्ञता हासिल गर्ने खालको तालिममा सहभागी गराउने आदि सहयोग आवश्यक |
- विदेशीले जापानमा दैनिक जीवनयापन गर्नको लागि भाषागत समस्या ठूलो छ | एक आपसको भाषा नजान्नेहरुको बिचमा कम्युनिकेशन गर्ने माध्यमको बिकास गर्न सहयोगको अपेक्षा गरिन्छ |
- बिदेशी विद्यार्थीले समस्या परेमा बिशेष गरी आफ्नै देशको साथीसंग परामर्श गरी आफुहरुको मात्र समाधान गर्ने गरेको पाइन्छ | यो कुरा नराम्रो भने होइन तर, समय अनुसार कलेजमा रिपोर्ट गर्दा उपयुक्त र छिटो समाधान हुन पनि सक्छ | सजिलोसंग परामर्श गर्न सकिने काउन्टर/परामर्शदाताको व्यवस्था भएमा सम्भाव्यताको हिसाबले धेरै भएको जस्तो लाग्ने बिदेशी विद्यार्थीको चिन्तालाई समाधान गर्न सकिन्छ जस्तो लाग्छ |
- विदेशीलाई समेट्ने र जापानी कर्मचारिसंगको सम्बन्ध राख्ने भूमिकाको लिडर आवश्यक हुन्छ जस्तो लाग्छ (N2 स्तरको भाषा) |
- कम्पनी प्रमुख बिदेशी भई, ग्रुप कम्पनीमा पनि धेरै बिदेशी नियुक्त गरेकोले दैनिकी हो | बिशेष खालको प्रयासको आवश्यकता महसुस नभएकोले सोंच्न सकिंदैन |
- बिदेशी मात्रलाई गरिने सहयोगले जापानी कर्मचारीमा असन्तुष्टि आउन सक्ने हुनाले सन्तुलन मिलाउनु पर्ने हुन्छ |
- आवधिक बैठकले हरेक संस्थाको समस्या र समाधानको उदाहरणको बारेमा जानकारी आदानप्रदान गरिने, बिदेशीको लागि जिम्मेवार व्यक्तिको तालिम पनि आयोजना गर्न चाहन्छौं |
- आवद्द बिदेशीको मातृभाषामा मानसिक हेरचाह गर्न सकिने सहयोग आवश्यक जस्तो लाग्छ |

○ सह-अस्तित्व समाजको प्रवर्द्धन

- कम्युनिटीको एकता : सांस्कृतिक कार्यक्रम, अन्तरक्रिया गतिबिधि, कम्युनिटी स्वयंसेवक मार्फत बिदेशी र स्थानीय वासिन्दाको सम्बन्ध बलियो बनाई, सह-अस्तित्वको प्रवर्धन गर्ने कुरा महत्वपूर्ण हो जस्तो लाग्छ |
- विदेशीले जीवनयापनको क्रममा मानसिक, आर्थिक, सांस्कृतिक समस्याहरु बिबिध खालका छन् | बिदेशी मात्र नभई, आगामी दिनमा सामाजिक रुपमा विदेशीलाई भित्र्याउने क्रममा जापानी नागरिकको लागि पनि सह-अस्तित्व सम्बन्धि ज्ञानको आवश्यक पर्छ |
- फोहोर छुट्याउने आदि, सम्बन्धित व्यक्तिले सहि रुपमा गरे पनि, अर्को जापानी नागरिकले भएन भनेर उनीहरुको कारण देखाउंछ | सम्बन्धित व्यक्तिलाई सिधै भनेको छैन जस्तो छ, अन्य पनि भेदभाव हुने गरेको जस्तो लाग्दा मन दुख्छ | बिदेशीको लागि भेदभावको सोंचाई बन्द गरियोस भन्ने चाहन्छु |

○ सरकारी निकायप्रतिको अपेक्षा आदि

- हरेक मन्त्रालय तथा विभागको होमपेजको जानकारी जापानी र अंग्रेजी दुइ भाषामा भएमा सहयोग हुने थियो | राष्ट्रिय कर बिभाग तथा स्वास्थ्य, श्रम तथा कल्याण मन्त्रालय आदिको होमपेजको रिफरेन्स लिएर प्रणालीको ब्याख्या गर्न सकेमा हुन्थ्यो भन्ने लाग्छ |
- अध्यागमन कानुन बुझ्नको लागि तालिम आदिको आयोजना गरिएमा अत्यन्त आभारी हुने थियौं |
- बिद्यार्थी भिसा भएको व्यक्तिले जीवनयापनको क्रममा यो कुरामा ध्यान दिऔं ! जस्ता ध्यान दिनुपर्ने कुरा (सबैलाई बुझाउन चाहने कुरा) भएमा पर्चा बनाई विद्यार्थीलाई बाँढेर बुझाउन चाहन्छु | पर्चा बनाई सबैलाई बुझाउन चाहन्छु | जस्तै, बिद्यार्थी भिसा भनेको .......पार्ट-टाइम काम (गर्नको लागि) योग्यता बाहेक (गतिबिधि अनुमति) आवश्यक (कुरा) तथा पुन:प्रवेश (अनुमतिले देश बाहिर भित्र) को तरिका आदि |
- अध्यागमन व्यवस्थापन ब्युरोको होमपेजमा भएको जीवनयापन र काम सम्बन्धि गाइडबुक साह्रै नै सहयोगी छ |
- श्रम शक्तिको रुपमा बिदेशी ल्याउन चाहन्छु तर, विदेशीले बस्ने आवास नभएर समस्यामा छु | स्थानीय निकायको बिदेशी भाषाको काम तथा हुलाकको काम (मानिस नहुँदाको जानकारी) आदिको काम कार्यालयको कर्मचारीले गरिरहेको अवस्था छ | बिदेशीको लागि सार्वजनिक सेवामा सुधारको अपेक्षा गरिएको छ |

आदि